नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

## प्रेस वक्तव्य

विगत केही दिन देखि परेको अत्याधिक बर्षाको कारण भारतको उत्तरी क्षेत्र खासगरी हिमाचल प्रदेशको सवैजसो भाग र अन्य राज्यहरुमा समेत बाढी तथा पहिरोमा परि धन जनको क्षति भएको जानकारी प्राप्त भएको छ । भारतको केन्द्रीय सरकार र राज्य सरकारद्वारा उद्धारका कर्यहरु तीव्र गतिमा सञ्चालन भइरहेको समाचारहरु प्रसारण भएका छन् ।

हिमाचल प्रदेशमा रोजगारी तथा अन्य सिलिसलामा रहेका नेपाली नागरिकहरु समेत बाढीबाट प्रभावित भएका एवं पश्चिम रुकुम जिल्लाका एकै परिवारका ३ (तिन) जनाको पहिरोमा परी दुःखद निधन भएको जानकारी यस दूतावासमा प्राप्त भएको छ । निधन भएका नेपाली नागरिकहरु प्रति राजदूतावास परिवारको तर्फवाट हार्दिक श्रद्धाञ्ली ब्याक्त गर्दै शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । बाढी प्रभावित क्षेत्रमा रहनु भएका नेपाली नागरिकहरुलाई सहायता तथा समन्वय गर्नको लागि भारत सरकार, हिमाचल प्रदेश सरकार, यहाँ कार्यरत गैह्र सरकारी संस्था तथा नेपाली समुदायसंग नेपाली राजदूतावास निरन्तर सम्पर्कमा छ । हालको बाढी पहिरोको प्रभाव कम नहुंदा सम्म प्रभावित क्षेत्रमा रहनु भएका सबै नेपाली नागरिकहरु सुरक्षित स्थानमा रहनु हुन राजदूतवास हार्दिक अनुरोध गर्दछ।

भारी वर्षाका कारण कुनै पनि नेपाली नागरिक अप्ठेरो स्थितिमा रहेको जानकारी प्राप्त भएमा यस राजदूतवासको हटलाइन नं. ८९२९६०१९२५ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

नेपाली राजदूतास,
नयाँ दिल्ली ।
२०८०।३।२६

Barakhamba Road, New Delhi-110001, India, Tel.: +91-11-23476200 / +91-11-23327361, Hotline : +91-8929601925
Website : in.nepalembassy.gov.np